# मार्फा, मुस्ताङमा संचालित स्याउ खेती तालीम

आयोजनाको कार्यक्षेत्र उच्च पहाडी जिल्लाका ब्यवसायिक स्याउ कृषकहरुलाई लक्षित गरिएको **"ब्यावसायीका लागि स्याउ खेती"** बिषयक ६ दिने तालीम हिमाली आयोजनाको व्यवस्थापन तथा शितोष्ण वागवानी विकास केन्द्र, मार्फा, मुस्ताङको प्राविधिक सहयोगमा मिति २०७२।१०।२७ देखि २०७२।११।०३ गते सम्म मार्फा, मुस्ताङमा सम्पन्न भएको छ । यस तालीममा ५ जिल्लाका (मनाङ, मुस्ताङ, हुम्ला, जुम्ला र डोल्पा) जम्मा २० जना ब्यावसायिक कृषकको प्रत्यक्ष संलग्नता रहेको थियो । हिमाली आयोजनाका प्राविधिक सहायक श्री गणेश बहादुर थापा सञ्चालकमा रहेको सो तालीममा आयोजनाका कृषि अधिकृत श्री सुबोध शाक्यको स्वागत मन्तब्य र जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय), मुस्ताङका कार्यालय प्रमुख डा. नन्दलाल बर्माबाट स्याउ खेती तालीमको उद्देश्य एवं हिमाली आयोजनाबाट मुस्ताङ जिल्लामा संचालन भएका उप-आयोजनाहरुको संक्षिप्त जानकारी सहितको मन्तब्य संगै तालीम शुरु भएको थियो ।

यस तालीमका बिभिन्न पाठ्य शीर्षकमा शितोष्ण वागवानी विकास केन्द्र, मार्फाका विषयगत विज्ञका रुपमा वागवानी विकास अधिकृत श्री विष्णु प्रसाद गिरी र भिमनाथ घिमिरे, प्रा.स. राम साफि र कालिका चौधरी, जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत श्री सावित्री बराल तथा जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय, जिल्ला पशु सेवा कार्यालयका वरिष्ठ पशु विकास अधिकृत डा. नन्दलाल बर्मा गरी जम्मा ६ जनाले सहजीकरणको भूमीका निर्वाह गर्नु भएको थियो । तालीमका केहि बिषयका सैदान्तिक कक्षा तालीम हलमा नै भएको थियो भने अधिकांस प्रशिक्षण ब्यवहारिकरुपमा स्याउ वगैचामा केन्द्रित गरी प्रयोगात्मक बिधिबाट सहभागीको प्रत्यक्ष संलग्नतामा संचालन गरीएको थियो । तालीममा आयोजक संस्थाबाट सुवोध शाक्य (कृषि अधिकृत), गणेश बहादुर थापा (प्राबिधिक सहायक), विष्णु ढुंगाना (कम्प्युटर अपरेटर) र हिमाली आयोजना अन्तर्गत तिर्थ राज ढकाल (जिल्ला कृषि ब्यवसाय विज्ञ) एवं गोकर्ण देवकोटा (सामाजिक परिचालक) सहितको उपस्थिती रहेको यस तालीम सफलतापूर्वक सम्पन्न भएको थियो ।








